# कान्ति बाल अस्पताल स्वास्थ्य अनुसन्धान समिति (KCH-HRC)

## कार्यविधि निर्देशिका २०७९

अस्पताल विकास समितिबाट स्वीकृत मितिः २०७९/०३/३२

**प्रस्तावना :**

राष्ट्रको एक मात्र सरकारी बाल अस्पतालका रुपमा रहेको यस कान्ती बाल अस्पताल (का. बा. अ.) ले विगत केहि दशक देखी बाल स्वास्थ्य संबन्धी विभिन्न शैक्षिक एवं अनुसन्धानमुलक कार्यक्रमहरु सन्चालन गर्दै आएकोमा त्यस्ता कार्यक्रमहरुलाई थप परिष्कृत गरी अस्पतालमा कार्यरत कर्मचारीहरुको शैक्षिक एवं अनुसन्धानमुलक ज्ञानको विकास गर्दै अस्पतालले प्रदान गर्दै आएका सेवा एवं अस्पतालको आर्थिक तथा भौतिक विकासलाई सहयोग पुग्ने गरी कान्ति बाल अस्पतालमा हुने सम्पुर्ण आन्तरिक तथा बाह्य अनुसन्धानहरुका साथै अनुसन्धानकर्ता व्यक्ति, संघ संस्थालाई व्यस्थित रुपमा परिचालन गर्न आवश्यक भएकाले तथा नेपाल सरकारको आ. व. २०७७/२०७८ को निती योजना कार्यक्रममा यस का. बा. अ. लाई बाल स्वास्थ्यका क्षेत्रमा मुलुककै उत्कृष्ठ उपचार थलोका साथै अध्ययन अध्यापन एवं अनुसन्धानमुलक संस्थानको रूपमा विकास गर्ने निती भए अनुरूप यस का. बा. अ व्यवस्थापन/ विकास समितिले कान्ति बाल अस्पतालमा स्वास्थ्य अनुसन्धान सम्बन्धी कार्यलाई ब्यवस्थित रुपमा प्रबर्धन नियमन तथा अनुगमन गर्ने उद्देश्यले कान्ति बाल अस्पताल नियमावली २०६३ को दफा १६.२ ले दिएको अधिकार प्रयोग गरी यो "कान्ति बाल अस्पताल स्वास्थ्य अनुसन्धान समिति (Kanti Children's Hospital- Health Research Committee, KCH-HRC)" गठन गरी सो को कार्यविधि बनाई लागु गरेको छ।

### <u>परिच्छेद १</u>

**१.१. संक्षिप्त नाम क्षेत्र र प्रारम्भ**

१. यस निर्देशिकाको नाम "कान्ती बाल अस्पताल स्वास्थ्य अनुसन्धान समिती (KCH-HRC) कार्यविधि निर्देशिका २०७९" रहेको छ ।

२. यो कान्ती बाल अस्पतालको निजी सम्पत्तीको रूपमा रही आन्तरिक रूपमा लागु हुनेछ ।

३. यो निर्देशिका का. बा. अ विकास समिती वा सो सरहको निकायले अनुमोदन गरेपछि तत्काल लागू हुनेछ ।

**१.२. परिभाषा**

१. कार्यविधी निर्देशिका भन्नाले KCH-HRC कार्यविधि निर्देशिका २०७९ जनाउनेछ।

२. अस्पताल भन्नाले नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय कान्ती बाल अस्पताल भन्ने सम्झनुपर्छ । यसलाई छोटकरीमा का. बा. अ. अथवा KCH भनेर सम्बोधन गरिनेछ ।

३. बोर्ड भन्नाले का. बा. अ. विकास समिती वा व्यबस्थापन समिती भन्ने सम्झनुपर्दछ।

४. निर्देशक भन्नाले का. बा. अ. को कार्यकारी प्रमुख भनी सम्झनुपर्दछ।

५. कर्मचारी भन्नाले का. बा. अ. मा तलव भत्ता खाई कामकाज गर्ने व्यक्ती भन्ने सम्झनुपर्दछ।

६. प्रशासन भन्नाले का. बा. अ. को निर्देशक समेत आर्थीक एवं कर्मचारी प्रशासन भनी बुझ्नुपर्दछ ।

७. IRC-KCH भन्नाले का. बा. अ. विकास समितीद्वारा मिती २०६६/५/१८ मा गठित का. बा. अ. को Institutional Review Committee लाई बुझाउनेछ ।

८. KCH-HRC भन्नाले परिच्छेद २ को दफा २.१ बमोजिमको समिती लाई बुझाउनेछ ।

९. शैक्षिक कार्यक्रम भन्नाले हाल यस का. बा. अ. मा संचालित चि. वि. रा. प्र. को शैक्षिक कार्यक्रम र भविष्यमा चि. वि. रा. प्र. सहित बाल स्वास्थ्य अध्ययन संस्थानको शैक्षिक कार्यक्रम तथा का. बा. अ. ले अन्य विश्वविधालय, प्रतिष्ठान वा त्यस्तै शैक्षिक संस्थाहरू सँगको सहकार्यमा सञ्चालन गर्ने शैक्षिक कार्यक्रम लाई बुझाउनेछ ।

## परिच्छेद २

### २.१ समितिको गठन र कार्यविधी

१. समितिको गठनः यस निर्देशिका अन्तर्गत रही यसमा उल्लेखित विषयहरूलाई कार्यान्वयन गराउन अधिकार सम्पन्न KCH-HRC गठन गरिनेछ। समितिमा तपसिल बमोजिमका अध्यक्ष १ जना, सदस्य सचिव १ जना र अन्य ५ सदस्यहरू सहित जम्मा ७ जना रहनेछन ।

| | |
|---|---|
| निर्देशक वा निर्देशकले तोकेको वरिष्ठ चिकित्सक (११ औ तह) १ जना | - अध्यक्ष |
| अस्पताल नर्सिङ प्रमुख ( मेट्रोन ) १ जना | - पदेन सदस्य |
| विभागीय प्रमुख मध्य निर्देशकले तोकेको २ जना | - सदस्य |
| निर्देशकले तोकेको वरिष्ठ चिकित्सक १ जना | - सदस्य |
| निर्देशकले तोकेको वरिष्ठ स्वास्थ्य कर्मी १ जना | - सदस्य |
| अस्पताल विकास समितिले तोकेको वरिष्ठ चिकित्सक १ जना | - सदस्य सचिव |

२. दफा २.१ को उप दफा १ बमोजिम सम्मिलित विभिन्न विभाग बाहेक अन्य विभागका प्रमुख वा प्रतिनिधिलाई आवश्यकतानुसार एक पटकमा बढी मा २ जना लाई आमन्त्रित सदस्यका रूपमा राख्न सकिनेछ ।

३. समितिका पदाधिकारीको कार्यकाल ३ वर्षको हुनेछ । प्रत्येक ३ वर्षमा समितिको पुनर्गठन हुनेछ । यसरी पुनर्गठन गर्दा संस्थागत निरन्तरता सुनिश्चित गर्नका लागि कम्तीमा एक तिहाइ पुराना सदस्य यथावत् राखिनेछन् जसको निर्धारण अस्पताल विकास समिति / व्यवस्थापन समितिले गर्नेछ ।

४. निश्चित कार्यकाल भित्र जुनसुकै कारणले समितीको कुनै पद रिक्त हुन आएमा सो पदको पूर्ति समितिको बहुमतको निर्णयको आधारमा हुनेछ। यसरी मनोनयन गर्दा अस्पतालका विभिन्न विभागहरूबाट सके सम्म समावेशी रूपमा प्रतिनिधित्व गराइनेछ ।

५. समितिको कुनै सदस्यको का. बा. अस्पतालमा दरबन्दी नरहेमा वा कुनै पनि शैक्षिक जिम्मेवारीमा नरहेको अवस्थामा त्यस्तो सदस्यको कार्यकाल तत्काल समाप्त भएको मानिनेछ ।

६. समितिको बैठक कम्तीमा प्रत्येक ३/३ महिनामा न्युनतम ५१ % सदस्यको समुपस्थितिमा अस्पताल भित्रै बस्नेछ। तर आवश्यक परेको खण्डमा गणपूरक सदस्य संख्या सहित कुनै पनि बेला बैठक बस्न सक्नेछ ।

७. बैठकका निर्णयहरू सकेसम्म सर्वसम्मतिबाट हुनेछन । अन्यथा उपस्थित सदस्य संख्याको सामान्य बहुमतबाट गरिनेछ।

८. समितिको निर्धारित बैठकका एजेन्डाहरू समितिका सदस्यहरुलाई बैठक भन्दा २४ घण्टा अगावै सदस्य सचिव वा तोकिएको कर्मचारी मार्फत अवगत गराइनेछ ।

९. प्रत्येक बैठकका निर्णयहरू मान्युटिङ गरी सो को अभिलेख राखिनेछ ।

१०. समितिको राय वा सिफारिस माग भई आएको अवस्थामा माग भएको मितिले बढीमा तीस दिन भित्र आवश्यक कार्यवाही टुंग्याई जानकारी गराइने छ।

११. समितिले आफ्ना निर्णय, सिफारिस तथा अन्य सम्पुर्ण गतिविधीहरु अस्पतालको निर्देशक मार्फत बोर्डलाई वार्षिक रूपमा प्रतिवेदनका रूपमा जानकारी गराउनेछ ।

१२. समितिको आर्थिक कृयाकलाप संचालन गर्दा वार्षिक रूपमा अस्पताल व्यवस्थापन बाट स्वीकृत गराएर मात्र संचालन गरिनेछ ।

१३. समितिको बैठकको भत्ता का. बा. अस्पतालको नियमनानुसार हुनेछ ।

## २.२ काम कर्तव्य र अधिकार

१. समितीले यस अस्पतालमा संचालन हुने अनुसन्धान सन्चालानार्थ निती निर्माण गर्नेछ ।

२. यस का. बा. अस्पताल भित्र संचालन हुने तथा अस्पताल आफै संस्थागत रूपमा सम्मिलित हुने अनुसन्धान सँग सम्बन्धित वैज्ञानिक (Scientific) एवं व्यवस्थापकिय विषय वस्तुहरू (IRC को कार्य क्षेत्र बाहेक) यस समितिको कार्य क्षेत्र भित्र पर्नेछन् ।

३. समितीले समितीलाई प्राप्त अनुसन्धान मुलक आयोजना एवं प्रस्तावहरुलाई अस्पतालको आवश्यकता र वार्षिक योजनाको लक्ष्य अनुरूप वर्गीकरण गरी प्रथमिकता अनुसार अनुसन्धान अनुमतीका लागी निर्देशकलाई सिफारिस गर्नेछ ।

४. अस्पतालको निती तथा कार्यक्रम तर्जुमा गर्दा अनुसन्धान संबन्धी के कस्ता विषय समावेश गर्ने वा नगर्ने भन्ने सम्पुर्ण नितिगत एवं तथ्यांकगत विवरण समितिले सिफारिस स्वरुप अस्पताललाई प्रदान गर्नेछ ।



निर्देशक

५. समितीले निर्देशकको सहमतीमा बाल स्वास्थ्यका अनुसन्धानसँग संबन्धित राष्ट्रीय तथा अन्तराष्ट्रीय संस्थाहरुसँग समन्वय गरी कार्यक्रमहरू सञ्चालन गर्नेछ ।

६. यस अस्पतालमा गरिने सम्पुर्ण अनुसन्धानहरुको अभिलेख राखी राष्ट्रीय स्वास्थ्य निती लाई टेवा पुग्ने खालका अनुसन्धानमुलक लेख रचना र कृयाकलापहरुको प्रकाशन गर्नेछ ।

७. समितीले बाल स्वास्थ्यका क्षेत्रमा कार्यरत विभिन्न राष्ट्रीय, अन्तराष्ट्रीय तथा निजी संघ संस्थाहरुसँग अनुसन्धानसँग संबन्धित MOU गर्न सो संबन्धी प्रतिवेदन अध्ययन गरी अस्पताल प्रशासनलाई सुझाव दिनेछ ।

८. समितीले IRC-KCH सँग संयोजन गरी अस्पतालमा अनुसन्धान सम्वन्धी तालिम संचालन गर्नेछ ।

९. समितीले अनुसन्धान सम्बन्धमा अस्पताल निर्देशकबाट प्राप्त सल्लाह सुझाव एवं निर्देशनको पालना गर्नेछ ।

## परिच्छेद ३.

### ३.१. कार्य व्यवस्थापन

१. समितिको अध्यक्ष समितिको व्यवस्थापनका लागी जिम्मेवार हुनेछ । निजलाई सहयोग गर्न एक जना सदस्य सचिवको व्यवस्था रहनेछ ।

२. समितिको आफ्नै छुट्टै कार्यालय र संचार प्रणाली रहने छ ।

३. समितिले प्रशासनिक कार्य गर्नका लागि कर्मचारी राख्न वा सेवा करारमा राख्न पाउने छ । समितिले आफ्नो कर्मचारी राख्न नसकेसम्म अस्पतालको एक जना प्रशासनिक कर्मचारी मार्फत प्रशासनिक कामको सहयोग लिनेछ ।

## परिच्छेद ४.

### ४.१. आर्थीक व्यवस्था

१. यस का. बा. अ. लाई बाल स्वास्थ्यका क्षेत्रमा उत्कृष्ठ उपचार थलोका साथै अध्ययन अध्यापन एवं अनुसान्धानमुलक संस्थानको रूपमा विकास गर्ने नेपाल सरकारको नीति अनुरूप गठन गरिएको यस का. बा. अ. अनुसन्धान समितिको वार्षिक कार्यक्रम संचालनका लागी आवश्यक रकम उपलब्ध गराइँदिन समितिले निर्देशक मार्फत नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालयलाई अनुरोध गर्नेछ ।

२. यस स्वास्थ्य अनुसन्धान समितीको कार्यक्षेत्र अन्तर्गतका वार्षिक कार्यक्रम संचालनका लागी आवश्यक रकम अस्पताल विकास समितिको वार्षिक बजेटबाट विनियोजन गरि दिन समितिले अस्पताल निर्देशकलाई प्रस्ताव गर्नेछ ।

३. समितीलाई बिभिन्न स्रोतहरुबाट प्राप्त रकमलाई अस्पताल विकास समितीमा छुट्टै कोषको रुपमा जम्मा गरिनेछ र सो को खर्च यस समितिको सिफारिसमा प्रचलित कानुनको अधीनमा रही अस्पताल प्रशासनले गर्नेछ ।

**४. २. समितिको आर्थीक स्रोत**

१. नेपाल सरकार स्वास्थ्य तथा जनसंख्या मन्त्रालय तथा अस्पताल विकास समितीबाट प्राप्त हुने स्रोत ।

२. अस्पतालको आर्थीक नितीको अधिनमा रही अन्य राष्ट्रीय, अन्तराष्ट्रीय तथा निजी संघ संस्थाहरुबाट अनुसन्धान एवं तालिम संबन्धित प्राप्त अनुदान ।

३. अस्पतालमा संचालन हुने सबै प्रकारका अनुसन्धानहरुमा सम्पूर्ण बजेटको न्यूनतम ५ % का दरले लिईने ओभरहेड खर्च वाफतको रकम । तर अनुदान रहित व्यक्तिगत अनुसन्धानहरुका हकमा यो लागु हुनेछैन ।

**४. ३ अनुसन्धानका लागी अनुदान** (Grant) **संबन्धी व्यवस्था**

१. समितीको सम्पुर्ण पदाधिकारी सहित को बैठक ले कार्यविधी बनाइ समितिले प्रदान गर्ने अनुसन्धान अनुदान लाई व्यवस्थित गरिने छ ।

२. अनुसन्धान अनुदान (Research Grant) सिफारिश गर्नका लागि यस समितीका प्रमुखको अध्यक्षतामा ५ सदस्यीय अनुसन्धान अनुदान सिफारिस उपसमिति गठन गरिनेछ । सो उपसमितीमा IRC प्रमुख र अन्य ३ जना संबन्धित विषयका विज्ञ सदस्य रहनेछन ।

**४. ४ अस्पतालमा सन्चालन हुने रिसर्च आयोजनाको प्रशासनिक तथा वित्तीय व्यवस्थापन:**

१. अस्पतालमा सन्चालन हुने अनुसन्धान आयोजना (Research Project) को वित्तीय व्यवस्थापन अनुदान कर्ता (Grantor) वा प्रायोजक संस्था (Sponsor) सँगको सम्झौतामा उल्लेख भए बमोजिम गरिनेछ । तर अनुदान कर्ता (Grantor) वा प्रायोजक संस्था (Sponsor) सँगको सम्झौतामा अनुसन्धान आयोजनाको वित्तीय व्यवस्थापन सम्बन्धी विषय उल्लेख नभएको अवस्थामा प्रमुख अनुसन्धान कर्ता (Site Principal Investigator) मार्फत वित्तीय व्यवस्थापन गर्नु पर्ने छ। अनुसन्धान कर्ता टोलीमा एक जनामात्र सदस्य रहेको अवस्थामा बैंक खाता तथा वित्तीय व्यवस्थापन निज एक जनाबाट मात्रै गर्न बाधा पर्ने छैन।

२. अस्पताल बाहिरबाट प्रमुख अनुसन्धानकर्ता (Principal Investigator) रही यस का. बा. अ. मा अनुसन्धान गरिने भएमा अनुसन्धानकर्ताहरु (Principal Investigator and Co-Investigator) मध्य कम्तिमा ३०% र सहयोगी कर्मचारीहरू मध्य पूर्ण कालिन बाहेकका कम्तीमा ५०% सहयोगी कर्मचारी यसै अस्पताल भित्रबाट सहभागी गराउनु पर्नेछ ।

## परिच्छेद ५.

**५. १. संशोधन तथा खारेजी:**

कार्यविधि निर्देशिकाका कुनै पनि दफा, उपदफाहरुलाई समय सापेक्ष परिमार्जन, संशोधन वा खारेजी गर्नुपरेमा समितिले आम सहमतिमा निर्णय गरी बोर्डमा सिफारिस गर्ने र बोर्ड बैठकले अनुमोदन गरेमा संशोधन वा खारेजी हुनेछ।

**५. २. बाधा अड्काउ फुकाउने अधिकार:**

१. यो कार्यविधि निर्देशिका लागु भएपछि यसमा लेखिए जति कुरा यसै निर्देशिका बमोजिम हुनेछ भने यसमा नलेखिएका कुरा समितिको निर्णय बमोजिम हुनेछ। साथै कुनै विवादास्पद विषय भएमा समितिले आवश्यकतानुसार विशेषज्ञ बाट परामर्श लीन सक्नेछ तथा समितिले आवश्यक ठानेमा अन्तिम निर्णयको लागि अस्पताल बोर्डमा सिफारिस गर्न सक्नेछ।

२. यस कार्यविधि निर्देशिकाको कुनै प्रावधान व्याख्यामा विवाद भएमा बोर्डको व्याख्या अन्तिम हुनेछ।

३. यो निर्देशिका र अस्पताल बिकास समितिले जारी गरेको IRC कार्यविधी निर्देशिका बिच कुनै बुंदा बाझिएको खण्डमा IRC कार्यविधि निर्देशिका लागू हुनेछ ।

**५. ३. बचाउ:**

१. यो निर्देशिका लागु हुनु पूर्व गरिएको स्वास्थ्य अनुसन्धान सम्बन्धी निर्णय वा गतिविधीहरु यसै समितिले सहमति दिएको मानिनेछ।